नगरसभाबाट पारित मितिः २०७९।०३।१६
प्रमाणिकरण मितिः २०७९।०३।२७

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# आर्थिक ऐन, २०७९

महाकाली नगरपालिका
खलंगा, दार्चुला
आ.व.२०७९/०८०

नगर प्रमुख

प्रस्तावनाः

महाकाली नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न नेपालको संविधानको (भाग १९ को स्थानीय आर्थिक कार्यप्रणाली) धारा २३० र अनुसूची ८ र ९ बमोजिम महाकाली नगरपालिकाको नवौं नगरसभाले स्वीकृत गरेको आ.ब. ०७८।०७९ को आर्थिक ऐनमा भएको ब्यवस्थालाई संशोधन र परिमार्जन गरी यो ऐन बनाउन बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम महाकाली नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "महाकाली नगरपालिका दार्चुलाको आर्थिक ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन, २०७९ साल श्रावण १ गते देखी महाकाली नगरपालिका क्षेत्र भित्र लागु हुनेछ ।

२. <u>सम्पति करः</u>

महाकाली नगरपालिकाको नगर क्षेत्रभित्रमा दर्ता रहेका तथा दर्ता हुन बाँकी जग्गामा निर्माण भएका घर, भवन वा संरचना तथा जग्गाको सम्पत्ति कर अनुसूची (१०) बमोजिम संकलन गरिनेछ ।

३. <u>घर जग्गा वहाल करः</u>

महाकालि नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले साथै अन्य कुनै आम्दानी हुने गरि बहालमा दिइएकोमा अनुसूची (१) बमोजिम घर जग्गा वहाल कर असुल गरिनेछ। व्यक्तिगत करदाताको हकमा कुल रकमको २५% एकमुष्ट छुट दिइनेछ ।

४. <u>व्यवसाय करः</u>

महाकाली नगरपालिका वा सम्बन्धित निकायमा दर्ता भई वा यजाजत प्राप्त गरी यस नगरक्षेत्र भित्र संचालित व्यापार, व्यवसाय, सेवामा तथा स्थापित उद्योग, बित्तीय संस्था तथा बैंकहरुलाई पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (२) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।असोज मसान्त सम्म कर तिर्ने करदातालाई १०% रकम एकमुष्ट छुट दिइनेछ।

५. <u>जडिबुटी, कवाडी र जीवजन्तु करः</u>

महाकाली नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (३) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. <u>सवारी साधन करः</u>

महाकाली नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (४) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

७. <u>विज्ञापन करः</u>

महाकाली नगरपालिका क्षेत्रभित्र हुने/गरिने विज्ञापनमा अनुसूची (५) बमोजिम विज्ञापन कर लगाइने र विज्ञापन कर असुल  गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।असोज मसान्त सम्म कर तिर्ने करदातालाई १०% रकम एकमुष्ट छुट दिइनेछ।

८. <u>मनोरन्जन करः</u>

महाकाली नगरपालिका क्षेत्रभित्र शुल्क लिएर गरिने जुनसुकै मनोरन्जन व्यवसायमा अनुसूची (६) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. <u>सवारी साधन पार्किङ शुल्कः</u>

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

महाकाली नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (७) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. <u>बहाल बिटौरी शुल्कः</u>

महाकाली नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।मासिक कर तिर्ने करदातालाई १०% रकम एकमुष्ट छुट दिइनेछ।

११. <u>सेवा शुल्क, दस्तुरः</u>

महाकाली नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (९) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. <u>घरजग्गा रजिष्ट्रेशन दस्तुरः</u>

महाकाली नगरपालिकाले तोके बमोजिम वा प्रदेश कानूनमा व्यवस्था भएबमोजिम घर जग्गा रजिष्ट्रेशन दस्तुर असुल गर्नेछ ।

१३. <u>अन्य शुल्कका दररेटहरुः</u>

महाकाली नगरपालिकाले अनुसूची (११) मा उल्लेखित दररेट बमोजिम अन्य विविध शुल्क दस्तुर असुल गर्नेछ ।

१४. <u>कर छुटः</u>

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन तर नगरपालिकाबाट तयार गरेको कार्यविधि भित्र कुनै व्यक्ति संस्था वा कम्पनी कर छुट पाउने व्यवस्था भएमा सोही कार्यविधि अनुसार कर छुट दिन सक्नेछ।

१५. <u>जरिवानाः</u>

महाकाली नगरपालिका क्षेत्र भित्र निषेध गरिएका क्रियाकलाप गर्ने/गराउनेलाई कार्यविधि बनाएर जरिवाना लगाई असुल उपर गरिनेछ । साथै नगर कार्यपालिकाको बैठकबाट निर्णय गरि समय समयमा यस व्यवस्थामा थपघट तथा पुनरावलोकन गर्न सक्नेछ ।

१६. <u>कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः</u>

महाकाली नगर कार्यपालिकाले यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि बनाई लागू गर्नसक्नेछ ।

१७. <u>करका दर तथा दायरा थप घट सम्बन्धि व्यवस्थाः</u>

नगरपालिका क्षेत्र भित्रको करका दर तथा दायरा थप घट वा संशोधन गर्नु पर्ने भएमा कार्यपालिकाको निर्णय अनुसार हुनेछ उक्त निर्णय सभाबाट अनुमोदन गराउनु पर्ने छ ।

१८. <u>नियम वा कार्यविधि बनाउन सक्नेः</u>

महाकाली नगरपालिकाले यस ऐनमा भएका व्यवस्थालाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।

१९. <u>साविक बमोजिम हुनेः</u>

यस ऐनमा उल्लेख भएका व्यवस्थाको हकमा यसै बमोजिम र उल्लेख नभएको हकमा साविक बमोजिम नै हुनेछ ।

२०. <u>खारेजीः</u>

महाकाली नगरपालिका को आर्थिक ऐन २०७८ खारेज गरिएको छ ।

## अनुसूची-१

**क) घरवहाल कर**

महाकाली नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर सेट, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले साथै अन्य कुनै आम्दानी हुने गरी वहालमा दिएकोमा तपसिल बमोजिम वहाल कर लगाई असुल गर्न सकिनेछ ।

वहाल रकमको १० प्रतिशतले हुन आउने रकम वहाल कर असुल गरिनेछ। संगठित संघ संस्था, कम्पनी, कार्यालय वा यस्तै प्रकृतिका अन्यले वहालमा बसे वापत वहाल रकम बुझाउदा श्रोतमै अग्रिम वहाल कर कट्टी गरी दाखिला गर्नुपर्नेछ ।

**ख) वहाल कर निर्धारण प्रकृयाः-**

वहालमा दिएको मितिलाई आधार मानी दैनिक, मासिक, त्रैमासिक, अर्धवार्षिक र बार्षिक अवधिलाई आधार मानी वहाल कर वुझाउनु पर्नेछ ।

क्षेत्रगत आधारमा महाकाली नगरपालिका नगर कार्यपालिकाले न्यूनमत वहाल कर तोक्न वहाल कर कार्यविधि वनाई लागू गर्न सकिनेछ ।

## अनुसूची-२

### व्यवसाय करको दरहरु

महाकाली नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले दर्ता वा इजाजत पत्र प्राप्त गरी स्थापित उद्योग व्यापार व्यवसाय सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति वा निकायलाई व्यवसायको प्रकृति, आर्थिक कारोबार, स्थान विशेष र लगानीका आधारमा व्यवसाय कर लगाई असुल उपर गर्न सकिने छ । यसरी व्यवसाय कर असुल गर्दा बैंक वित्तीय संस्था र सुपरमार्केटहरुको हकमा प्रत्येक कारोबार स्थलमा कारोबारको आधारमा अलग अलग इकाई माथी असुल उपर गर्न सकिने छ।

| सि. नं. | राजस्व करका शिर्षक | चालु आ.ब. २०७८।७९ को लागि | | आ. ब. २०७९।०८० को लागि स्वीकृत | | पुष्टयाई | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | दर्ता शुल्क | नवीकरण शुल्क | दर्ता शुल्क | नवीकरण शुल्क | | |
| १.सुर्ती जन्य पदार्थ | | | | | | | |
| १ | डिलर ( चुरोट, सुर्ती, गुट्का, तम्बाकु) | १००००।- | ८०००।- | १००००।- | ८०००।- | | |
| २ | डिलरबाट खरिद गरी डण्डा बिक्री गर्ने पसलमा | ८०००।- | ५०००।- | ८०००।- | ५०००।- | | |
| ३ | खुद्रा पाकेट खोली बिक्री गर्ने पसलमा | ५०००।- | ३०००।- | ४०००।- | २५००।- | | |
| २.मदिरा सम्बन्धी कारोबार | | | | | | | |
| १ | मदिरा डिलर, सप्लायर्स एवं वितरक | ४००००।- | ३६०००।- | ४००००।- | ३६०००।- | | |

| सि. नं. | राजस्व करका शिर्षक | चालु आ.ब. २०७८।७९ को लागि | | आ. ब. २०७९।०८० को लागि स्वीकृत | | पुष्टयाईं | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | दर्ता शुल्क | नवीकरण शुल्क | दर्ता शुल्क | नवीकरण शुल्क | | |
| २ | सिलबन्दी मदिरा थोक बिक्रेता | ३००००। | २४०००।- | ३००००।- | २४०००।- | | |
| ३ | बिर्को तोडी मदिरा खुद्रा बिक्री गर्ने | २००००।- | ८४००।- | २५०००।- | ६५००।- | | |
| ४ | बार | ५००००। | ४००००। | ५००००। | ४००००। | | |
| ३.अन्य व्यवसाय | | | | | | | |
| १ | सुनचाँदी गहना बनाउने पसल | ३०००।- | २५००।- | २५००।- | २०००।- | | |
| २ | ईलोक्ट्रोनिक पसल (फ्रिज,मोवाईल, अडियो, भिडियो सहितका पसलहरु) | ३०००।- | २५००।- | २५००।- | २०००।- | | |
| ३ | ईलेक्ट्रिकल पसल (सौर्य उर्जा तथा बिजुलीका सामानहरुका पसल) | ३०००।- | २५००।- | २५००।- | २०००।- | | |
| ४ | कम्प्युटर इन्स्च्युट तथा विक्री मर्मत पसल | ३०००।- | २५००।- | २५००।- | २०००।- | | |
| ५ | कम्प्युटर सप्लायर्स तथा विक्री मर्मत पसल | ३०००।- | २५००।- | २५००।- | २०००।- | | |
| ६ | फोटो स्टुडियो | २०००। | १५००। | २०००। | १५००। | | |
| ७ | फोटो स्टुडियो कलरल्याव सहित | ३०००।- | २५००।- | २५००।- | २०००।- | | |
| ८ | पेन्टिङ पसल (आर्टव्यवसाय) | १५००।- | १०००।- | १५००।- | १०००।- | | |
| ९ | फर्निचर तथा फर्निसिङ्ग सप्लायर्स बिक्री बितरण पसल | ५०००।- | ३०००।- | ४०००।- | २५००।- | | |
| १० | काष्ठ उद्योग एवं फर्निचर उद्योग(स्थानीय काठकोबनेको) | ५०००।- | ३०००।- | ४०००।- | २५००।- | | |
| ११ | हार्डवेयर पसल सरिया सिमेन्ट रंग रोगन सामग्री सहित का पसलहरु | ३०००।- | २५००।- | २५००।- | २०००।- | | |
| १२ | डिपार्टमेन्टल स्टोर | ३०००० | १५००० | २२५००।- | ११५००। | | |
| १३ | मिनिमार्ट | १५००० | १०००० | ११५००। | ७५००। | | |

| सि. नं. | राजस्व करका शिर्षक | चालु आ. ब. २०७८।७९ को लागि | | आ. ब. २०७९।०८० को लागि स्वीकृत | | पुष्ट्याईं | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | दर्ता शुल्क | नवीकरण शुल्क | दर्ता शुल्क | नवीकरण शुल्क | | |
| १४ | कम्पलेक्स सेन्टर एण्ड विजनेसमार्ट | १५००० | १०००० | ११५००। | ७५००। | | |
| १५ | तयारी पोषाक फेन्सी स्टोर/पसल | २५००।- | २०००।- | २५००।- | २०००।- | | |
| १६ | बस्त्रालाय (कपडा पसल) | २५००।- | २०००।- | २५००।- | २०००।- | | |
| १७ | कस्मेटिक पसल | १५००।- | १०००।- | १५००।- | १०००।- | | |
| १८ | चस्मा फिटिङ तथा बिक्री पसल | २०००।- | १५००।- | २०००।- | १५००।- | | |
| १९ | कम्प्युटर, फ्रिज तथा अन्य ईलेक्ट्रोनिक पार्ट विक्री पसल | ३०००।- | २०००।- | २५००।- | २०००।- | | |
| २० | सवारी साधन पार्ट पुर्जा बिक्री गर्ने पसल | ३०००।- | २०००।- | २५००।- | २०००।- | | |
| २१ | टायर, ट्युव मर्मत तथा वर्कसप | २५००।- | १५००।- | २०००।- | १५००।- | | |
| २२ | टायर,ट्युव बिक्री पसल | ३०००।- | २०००।- | २५००।- | २०००।- | | |
| २३ | सवारीसाधन मर्मत ग्यारेज | २५००।- | २०००।- | २०००।- | १५००।- | | |
| २४ | मोटरसाईकल बिक्री पसल तथा सर्भिस सेन्टर | ५०००।- | ३५००।- | ५०००।- | ३५००।- | | |
| २५ | साईकल बिक्री पसल | २५००।- | १५००।- | २५००।- | १५००।- | | |
| २६ | रिकन्डिसन सवारीसाधन खरिद बिक्री | ३०००।- | २५००।- | ३०००।- | २५००।- | | |
| २७ | दैनिक उपभोग्य खाद्य सामग्री तथा खुद्रापसल | २०००।- | १०००।- | १५००।- | १२५०।- | | |
| २८ | दैनिक उपभोग्य सामग्री थोक बिक्रेता तथा सप्लायर्स | ३५००।- | २५००।- | ३०००।- | २०००।- | | |
| २९ | जुत्ता चप्पल पसल तथा सप्लायर्स | २५००।- | २०००।- | २०००।- | १५००।- | | |
| ३० | जुत्ता बनाउने पसल | २०००।- | १०००।- | २०००।- | १०००।- | | |
| ३१ | जुत्ता सिउने पसल | २५०।- | १००।- | २५०।- | १००।- | | |
| ३२ | सिरक, डसना,कम्बल, बिक्री तथा बनाउने पसल | २०००।- | १०००।- | २०००।- | १२५०।- | | |

| सि. नं. | राजस्व करका शिर्षक | चालु आ.ब. २०७८।७९ को लागि | | आ. ब. २०७९।०८० को लागि स्वीकृत | | पुष्ट्याईं | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | दर्ता शुल्क | नवीकरण शुल्क | दर्ता शुल्क | नवीकरण शुल्क | | |
| ३३ | तयारी लुगा, रेडिमेड कम्मल, कार्पेट तथा तन्ना जस्ता घुम्ती पसल(फेरी वाला गोदाम घर) | १५००।- | १०००।- | १५००।- | १२५०।- | | |
| ३४ | भाडा वर्तन पसल (प्लास्टिक सामान हरु सहित) | ३०००।- | २०००।- | २५००।- | २०००।- | | |
| ३५ | एल.पी.ग्याँस.सप्लायर्स एण्ड बिक्रेता | ५०००।- | ३५००।- | ५०००।- | ३०००।- | | |
| ३६ | पट्रोल पम्प | १५०००। | १२०००।- | १५०००।- | १२०००।- | | |
| ३७ | पोलिथिन,जि.आई.पाईप तथा तार जाली फिटिङ्ग सामग्री पसल | ३०००।- | २५००।- | ३०००।- | २०००।- | | |
| ३८ | मैन बत्ती, अगरबत्ती अचार पसल | १०००।- | ५००।- | १०००।- | ५००।- | | |
| ३९ | मसला पसल वा चक्की | १०००।- | ५००।- | १०००।- | ५००।- | | |
| ४० | कृषि यान्त्रिक उपकरण खरिद बिक्री सप्लायर्स | २०००।- | १५००।- | १५००।- | १२५०।- | | |
| ४१ | पर्दा कार्पेट, तथा फर्निसिङ लगायतका सामानहरु भएको पसल | २५००।- | २०००।- | २५००।- | २०००।- | | |
| ४२ | माछा/अण्डा/मासु पसल | २०००।- | १५००।- | १५००।- | १२५०।- | | |
| ४३ | पोल्टी फर्म | ३०००।- | २०००।- | २५००।- | २०००।- | | |
| ४४ | बाखा/गाई/भैसी पशुपालन फर्म | १०००।- | ५००।- | १०००।- | ५००।- | | |
| ४५ | बधशाला | २०००।- | १०००।- | २०००।- | १०००।- | | |
| ४६ | एग्रोभेट व्यक्तिगत र संथागत | २०००।- | १०००।- | २०००।- | १०००।- | | |
| ४७ | औषधी क्लिनिक/फार्मेसी पसल | २०००।- | १०००।- | २०००।- | १०००।- | | |
| ४८ | डेन्टल क्लिनिक पसल | २०००।- | १०००।- | २०००।- | १०००।- | | |
| ४९ | निजी अस्पताल | १००००। | ५०००।- | १००००।- | ५०००।- | | |
| ५० | निजी आयुर्वेदिक अस्पताल | ५०००।- | ३०००।- | ५०००।- | ३०००।- | | |
| ५१ | आयर्वेदिक औषधी पसल | १०००।- | ८००।- | १०००।- | ८००।- | | |

| सि. नं. | राजस्व करका शिर्षक | चालु आ. ब. २०७८।७९ को लागि | | आ. ब. २०७९।०८० को लागि स्वीकृत | | पुष्ट्याईं | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | दर्ता शुल्क | नवीकरण शुल्क | दर्ता शुल्क | नवीकरण शुल्क | | |
| ५२ | डेरी पसल | १०००।- | ५००।- | १०००।- | ५००।- | | |
| ५३ | रिचार्ज कार्ड बिक्रेता पसल | ५००।- | ३००।- | ५००।- | ३००।- | | |
| ५४ | पुस्तक/फोटकोपी स्टेशनरी पसल | ५०००।- | ३०००।- | ४०००।- | २५००।- | | |
| ५५ | पान पसल | ५००।- | ३००।- | ५००।- | ३००।- | | |
| ५६ | जडीबुटी व्यवसाय | ४००० | ३००० | ४०००।- | ३०००।- | | |
| ५७ | गलैचा व्यवसाय | ५०० | ३०० | ५००।- | ३००।- | | |
| ५८ | रयासनिक मल, तथा कृषि यान्त्रिक सामग्री | | | २०००।- | १०००।- | | |
| ४. अन्य व्यवसाय | | | | | | | |
| १ | पर्यटन उद्योग (होटल, लज) | ३०००।- | २०००।- | ३०००।- | २०००।- | | |
| २ | चिया तथा नस्ता पसल | १०००।- | ५००।- | १०००।- | ५००।- | | |
| ३ | चिया,खाना, नास्ता सहितको मिश्रित होटल शाकाहरी | २०००।- | १५००।- | २५००।- | १२५०।- | | |
| ४ | चिया, खाना, नास्ता सहितको चमिन, मःम, पिज्जा, वर्गर सहित होटल | २०००।- | १०००।- | १५००।- | १२५०।- | | |
| ५ | हल्का पेयपदार्थ माथि उल्लेखित बर्गीकरण सहितको संयुक्त होटल | १५००।- | १०००।- | १५००।- | १०००।- | | |
| ६ | मिष्ठान भण्डार सहित खाना, नास्ता होटल | २५००।- | २०००।- | २०००।- | १५००।- | | |
| ७ | होटल तथा लज (तालिम हल पार्किङ सहितको) | ७०००।- | ५०००।- | ७०००।- | ५०००।- | | |
| ८ | कोकाकोला, पेप्सी, विभिन्न फलफुलबाट बन्ने जुस, आइसक्रिम उद्योग/पसल | १५००।- | १०००।- | १५००।- | १२५०।- | | |
| ९ | बिस्कुट पाउँरोटी केक उद्योग | २०००।- | १०००।- | २०००।- | १२५०।- | | |
| १० | डेरी उद्योग | १५००।- | १०००।- | १५००।- | १२५०।- | | |
| ११ | मिनिरल वाटर उद्योग | २०००।- | १०००।- | २०००।- | १२५०।- | | |
| १२ | खाद्यान्न उद्योग (चाउचाउँ, चाउमिन, फास्टफुड) | ३०००।- | २०००।- | २५००।- | १५००।- | | |

| सि. नं. | राजस्व करका शिर्षक | चालु आ.ब. २०७८।७९ को लागि | | आ. ब. २०७९।०८० को लागि स्वीकृत | | पुष्ट्याईं | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | दर्ता शुल्क | नवीकरण शुल्क | दर्ता शुल्क | नवीकरण शुल्क | | |
| १३ | म:म चौउमिन होटल | २०००।- | १५००।- | १५००।- | १२५०।- | | |
| १४ | कार्पेट,गलैंचा,पसमिना उद्योग | २५००।- | २०००।- | २०००।- | १५००।- | | |
| १५ | प्लाष्टिक उद्योग | ३०००।- | २०००।- | ३०००।- | २०००।- | | |
| १६ | कापी किताव उद्योग | ५०००।- | २०००।- | ५०००।- | २०००।- | | |
| १७ | खाद्यान्न मिल, चक्की, कुटाई पिसाई समेत | २०००।- | १०००।- | १५००।- | १२५०।- | | |
| १८ | ढाँका टोपी, अल्लो प्रशोधन उद्योग | २०००।- | १०००।- | १५००।- | १२५०।- | | |
| १९ | ग्रिल उद्योग | ३०००।- | २०००।- | २०००।- | १५००।- | | |
| २० | ग्रिल सटर उद्योग | ३०००।- | २०००।- | २०००।- | १५००।- | | |
| २१ | ईटा ब्लक उद्योग | ४०००।- | ३०००।- | ४०००।- | ३०००।- | | |
| २२ | होलोब्लक उद्योग | ४०००।- | ३०००।- | ४०००।- | ३०००।- | | |
| २३ | अन्य उत्पादन मुलक उद्योग | ५०००।- | ३०००।- | ५०००।- | ३०००।- | | |
| ५ बिशेष परामर्श सेवा व्यवसाय | | | | | | | |
| १ | चिकित्सक | ३०००।- | १०००।- | ३०००।- | १०००।- | | |
| २ | कबिराज | १५००।- | ५००।- | १५००।- | ५००।- | | |
| ३ | बिमा अभिकर्ता | ३०००।- | २०००।- | २५००।- | २०००।- | | |
| ४ | ईन्जिनियररिङ्ग परामर्श सेवा | ५०००।- | ३०००।- | ५०००।- | ३०००।- | | |
| ५ | कानून व्यवसायी | ३०००।- | २०००।- | २५००।- | २०००।- | | |
| ६ | लेखा परिक्षक | ३०००।- | २०००।- | ३०००।- | २०००।- | | |
| ७ | कम्प्युटर एनालिष्ट, प्रोग्रामर | २०००।- | १०००।- | २०००।- | १०००।- | | |
| ८ | सर्भेयर | २०००।- | १०००।- | २०००।- | १०००।- | | |
| ९ | अनुवादक | २०००।- | १०००।- | २०००।- | १०००।- | | |
| १० | पशु चिकित्सक | २०००।- | १०००।- | २०००।- | १०००।- | | |
| ११ | संस्थागत पेन्टर | १०००।- | ५००।- | १०००।- | ५००।- | | |
| १२ | अनुशन्धानकर्ता परामर्शदाता कन्सल्टेन्सी | ३०००।- | २०००।- | ३०००।- | २०००।- | | |
| १३ | व्यवसायीक तथा अन्य विशेषज्ञ | ३०००।- | २०००।- | ३०००।- | २०००।- | | |
| १४ | दन्त चिकित्सक | २०००।- | १०००।- | २०००।- | १०००।- | | |
| १५ | सामान ढुवानी कर्ता तथा कम्पनी | ५०००।- | ३०००।- | ५०००।- | ३०००।- | | |

| सि. नं. | राजस्व करका शिर्षक | चालु आ.ब. २०७८।७९ को लागि | | आ. ब. २०७९।०८० को लागि स्वीकृत | | पुष्टयाईं | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | दर्ता शुल्क | नवीकरण शुल्क | दर्ता शुल्क | नवीकरण शुल्क | | |
| ६ सेवा व्यवसाय | | | | | | | |
| १ | ड्राईक्लिनर्स | २०००।- | १०००।- | २०००।- | १०००।- | | |
| २ | कोल्डस्टोर (सित भण्डारण) | ५०००।- | २५००।- | ५०००।- | २५००।- | | |
| ३ | कवाडी समान संकलककर्ता सप्लायर्स | ५०००।- | २५००।- | ४०००।- | २०००।- | | |
| ४ | यात्रुपारवहन सेवा टिकट वुकि ङ्सेन्टर | ३०००।- | १०००।- | ३०००।- | १०००।- | | |
| ५ | स्नुकर, पुल भिडियो गेम | ४०००।- | २०००।- | ४०००।- | २०००।- | | |
| ६ | सिलाई सेन्टर ३ मेशिन सम्म | १०००।- | ५००।- | १०००।- | ५००।- | | |
| ७ | सिलाई सेन्टर ३ मेशिन बढी | १५००।- | १०००।- | १५००।- | १०००।- | | |
| ८ | छाला ज्याकेट मर्मत पिको, इन्वोदरी | १०००।- | ५००।- | १०००।- | ५००।- | | |
| ९ | टेन्ट हाउँस (माईक साउण्ड सिस्टम सहित) | ३०००।- | २०००।- | २५००।- | २०००।- | | |
| १० | व्युटी पार्लर सेन्टर | २०००।- | १०००।- | २०००।- | १०००।- | | |
| ११ | कपाल काट्ने पसल | २०००।- | १०००।- | २०००।- | १०००।- | | |
| १२ | छापाखाना | ७०००।- | ५०००।- | ७०००।- | ५०००।- | | |
| ७.संचार सेवा | | | | | | | |
| १ | निजी हुलाक कुरीयर सेवा | १०००।- | ५००।- | १०००।- | ५००।- | | |
| २ | टेलिफोन सेवा (P.C.O) | १०००।- | ५००।- | १०००।- | ५००।- | | |
| ३ | साईबर,फ्याक्स सेवा फोटोकपी मोवाईल फोन इमेल र ईन्टरनेट सेवा | २०००।- | १०००।- | २०००।- | १०००।- | | |
| ८.वित्तीय संस्था | | | | | | | |
| १ | बाणिज्य बैक शाखा "क" | २००००। | १००००।- | २००००। | १००००।- | | |
| २ | बिकास बैंक शाखा "ख" | १५०००। | ७५००।- | १५०००। | ७५००।- | | |
| ३ | "ग" बर्गका वित्तीय कम्पनीहरु | १४०००।- | ७०००।- | १४०००।- | ७०००।- | | |
| ४ | "ग" बर्गका आर्थिक कारोबार गर्ने वित्तीय कम्पनीको शाखा कार्यालय | १५०००।- | ७५००।- | १५०००।- | ७५००।- | | |
| ५ | "घ" बर्गको लघुवित्तको मुख्य कार्यालय | १३०००।- | ६५००।- | १३०००।- | ६५००।- | | |

| सि. नं. | राजस्व करका शिर्षक | चालु आ.ब. २०७८।७९ को लागि | | आ. ब. २०७९।०८० को लागि स्वीकृत | | पुष्टयाईं | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | दर्ता शुल्क | नवीकरण शुल्क | दर्ता शुल्क | नवीकरण शुल्क | | |
| ६ | "घ" बर्गको लघु वित्तको शाखा कार्यालय | १००००।- | ५०००।- | १००००।- | ५०००।- | | |
| ७ | बिमा कम्पनीका शाखाहरु | १५०००।- | १००००।- | १५०००।- | १००००।- | | |
| ८ | बिमा कम्पनीका उपशाखाहरु | १२०००।- | ६०००।- | १२०००।- | ६०००।- | | |
| ९ | सहकारी बैंक | ५०००। | ३०००।- | ५०००। | ३०००।- | | |
| १० | बचत तथा ऋण सहकारी संस्था मुख्य कार्यालय | ३०००।- | १५००।- | ३०००।- | १५००।- | | |
| ११ | बचत तथा ऋण सहकारी संस्था शाखा कार्यालय | २०००।- | १०००।- | २०००।- | १०००।- | | |
| १२ | अन्य वित्तीय कारोबार गर्नेवित्तीय यसंस्था | ५०००। | ३०००।- | ५०००। | ३०००।- | | |
| १३ | विभिन्न बर्गको शाखा रहित बैंङ्किङ काउन्टरहरु | ५०००।- | २५००।- | ५०००।- | २५००।- | | |
| ९. स्वास्थ्य सेवा व्यवसाय | | | | | | | |
| १ | सामुदायिक गैर सरकारी अस्पताल | २००००। | १००००।- | २००००। | १००००।- | | |
| २ | नसिङ होम | २५०००। | १५०००।- | २५०००। | १५०००।- | | |
| ३ | क्लनिक तथा ल्याव मेडिकल | ५०००। | ३०००।- | ५०००। | ३०००।- | | |
| ४ | डेन्टल अस्पताल | ३०००। | २०००।- | ३०००। | २०००।- | | |
| ५ | अँकु-पन्चरिष्ट सेवा | ४०००।- | २५००।- | ४०००।- | २५००।- | | |
| ६ | भेटनरी क्लिनिक | २०००।- | १५००।- | २०००।- | १५००।- | | |
| १०.शिक्षा व्यवसाय | | | | | | | |
| १ | निजी क्याम्पस | २५०००। | २००००।- | २५०००। | २००००। | | |
| २ | तालिम तथा अनुसन्धान केन्द्र | २००००। | १५०००। | २००००। | १५०००। | | |
| ३ | कम्प्युटर टाईपिङ तथा भाषा प्रशिक्षण संस्था | ५०००। | ३०००।- | ५०००। | ३०००।- | | |
| ४ | ट्यूसन (कोचिङ सेन्टर) | ५०००। | ३५००।- | ५०००। | ३५००।- | | |
| ५ | निजि विद्यालय मा.वि .तह (बोर्डिङ) | १५०००। | १००००।- | १५०००। | १००००।- | | |
| ६ | आधारभूत तह १-८ | १००००। | ८०००।- | १००००। | ८०००।- | | |
| ७ | आधारभुत तह १-५ | ८०००।- | ५०००।- | ८०००।- | ५०००।- | | |

| सि. नं. | राजस्व करका शिर्षक | चालु आ.ब. २०७८।७९ को लागि | | आ. ब. २०७९।०८० को लागि स्वीकृत | | पुष्ट्याईं | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | दर्ता शुल्क | नवीकरण शुल्क | दर्ता शुल्क | नवीकरण शुल्क | | |
| ११. अन्य सेवा | | | | | | | |
| १ | विज्ञापन सेवा एजेन्सी | २०००।- | १०००।- | २०००।- | १०००।- | | |
| २ | वैदेशिक रोजगार सेवा | १५०००। | १००००।- | १५०००। | १००००।- | | |
| ३ | सेक्रेटियल सेवा | २०००।- | १५००।- | २०००।- | १५००।- | | |
| ४ | हाउजीङ कम्पनि तथा घर जग्गा खरिद बिक्रि सेवा (रियलस्टेट) | ३००००। | २००००।- | ३००००। | २००००।- | | |
| ५ | नसर्री, फुल र विरुवा बिक्रेता | २०००।- | १०००।- | २०००।- | १०००।- | | |
| ६ | काठ बिक्रेता | ५०००।- | ३५००।- | ५०००।- | ३५००।- | | |
| ७ | टिकट काउन्टर सेवा | १०००।- | ५००।- | १०००।- | ५००।- | | |
| ८ | ढक तराजु बिक्री सेवा | १०००।- | ५००।- | १०००।- | ५००।- | | |
| ९ | मसाज पार्लर | ५०००।- | २५००।- | ५०००।- | २५००।- | | |
| १० | सप्लायर्स प्रति पटक | | ५००।- | | ५००।- | | |
| ११ | सरसफाई सेवा व्यवसाय | १५००।- | १०००।- | १५००।- | १०००।- | | |
| १२ | हेल्थ क्लब व्ययाम सेवा | १५००।- | १०००।- | १५००।- | १०००।- | | |
| १३ | होस्टेल सेवा | ५०००।- | ३५००।- | ५०००।- | ३५००।- | | |
| १२. निर्माण व्यवसाय | | | | | | | |
| १ | नगरपालिकामा प्रधानकार्यालय भएको निर्माण व्यवसायमा "क" बर्ग | | १००००। | | १००००। | | |
| २ | नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा "ख" बर्ग | | ८०००।- | | ८०००।- | | |
| ३ | नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा "ग" बर्ग | | ६०००।- | | ६०००।- | | |
| ४ | नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा "घ" बर्ग | १०००० | ५०००।- | १०००० | ५०००।- | | |
| ५ | हाईड्रो पावर | ३००००।- | २००००। | ३००००।- | २००००। | | |
| ६ | अन्य उर्जा मुलक उद्योग | ५००० | ३०००।- | ५००० | ३०००।- | | |
| ७ | क्रसर उद्योग | २००००। | १५०००।- | २००००। | १५०००।- | | |

अनुसूची-३

## जडीबुटी कवाडी र जीवजन्तु कर

ऊन, खोटो, जडीबुटी वनकस, कवाडी माल जीव जन्तु वाहेकका अन्य मृत वा मासिएका जीव जन्तुको सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार वापत जडीबुटी कवाडी र जीव जन्तु कर लाग्नेछ । उल्लेखित माल समानका हकमा निम्न बमोजिम हुने साथै संकलन गर्ने कार्यविधि महाकाली नगरपालिका, नगर कार्यपालिकाले तोक्न सक्नेछ।

क) कागज जन्य सामानको लागि प्रति किलो ग्राम रु. ०.२०।–

ख) फलाम जन्य सामान प्रति किलो ग्राम रु. ०.२५।

ग) स्टिल जन्य सामान प्रति किलो ग्राम रु. ०.४०।

घ) अन्यका प्रति किलो ग्राम रु. ०.५।

ङ) खसी बोका निकासी प्रति गोटा रु. ५०

च) गाई गोरु भैसी निकासी प्रति गोटा रु. १००

छ) जडीबुटी निकासीमा रोयल्टी रकमको १० प्रतिशत

अनुसूची-४

## सवारी साधन करको दररेट

महाकाली नगरपालिका भित्र ठेगाना रहने गरी दर्ता भएका तथा महाकाली नगरपालिका क्षेत्रभित्र चल्ने सवारी साधनमा बार्षिक कर निम्न अनुसार लाग्ने छ ।

क) ईन्जिनबाट चल्ने २ पांग्रे मोटर साईकल, स्कुटर वा यस्तै सवारी साधनको बार्षिक रु. ५००।–

ख)कार, जीप, भ्यान वा यस्तै प्रकृतिका सवारी साधनको रु. १०००।–

ग) मिनिबस, ट्रक, ट्याक्टर वा यस्तै प्रकृतिका सवारी साधनको रु. २०००।–

घ) हेभी गाडी डोजर वा यस्तै प्रकारका सवारी साधनको बार्षिक रु. ३०००।–

ङ) अन्य सवारी साधन रु. १०००।–

च) विद्युतिय उर्जाबाट संचालन हुने र कृषि कार्यमा प्रयोग गरिने सवारी साधनको हकमा तोकिएको दरमा ५० प्रतिशत छुट हुने ।

अनुसूची-५

विज्ञापन करको दररेट

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय दार्चुला सुदूरपश्चिम प्रदेश नेपाल

क) विज्ञापन क्षेत्र

१) भवनको छत र कौशिमा परिचय पाटी वा विज्ञापन सामग्री राख्न पाउने छैन ।

२) भवनमा झ्याल छोपेर परिचय पाटी वा विज्ञापन सामग्रि राख्न पाउने छैन ।

३) बाटोमा सिमाना देखि १० फिट भित्र तथा संधियारको सिमाना देखि ५ फिट भित्र र सार्वजनिक स्थान वा संस्थान वा कार्यालय वा सार्वजनिक सेवा प्रवाह् गर्ने स्थानमा विज्ञापन सामग्री राख्न पाउने छैन ।

४) सार्वजनिक उत्तर दायित्व अर्न्तगत निर्माण भएका जुनसुकै संरचनामा निर्मण गर्दा कार्यको नाम बाहेक राखिएको जुनसुकै तस्विर वा अक्षरको विज्ञापन कर छुट हुने छैन ।

५) भवन जमीन व्यापारिक वा व्यवसायिक केन्द्र होटल रेष्टुरेन्ट वा विद्यालय वा पेट्रोल पम्प वा जुनसुकै भवनको भित्रि भागमा गर्ने प्रयोजनका लागि राखिएका सामानहरुमा विज्ञापन कर छुट हुने छैन ।

६) सुर्ती जन्य मदिरा तथा नेपाल सरकारबाट प्रतिबन्धित वा महाकाली नगरपालिका नगर कार्यापालिकाबाट निषेध गरिएका विज्ञापन प्रचार प्रसार गर्न पाईने छैन ।

ख) विज्ञापन करका दरहरु

क) फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु.३०।–

ख) डिजिटल बोर्ड,ग्लो साईन बोर्डमा गरिने विज्ञापन प्रचार सामग्रीको प्रति बर्ष प्रति बर्ग फुट रु. ४०।–

ग) खेलकुद मैदान, मञ्च, मेला, जात्रा, पर्व र यस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार सामग्रिको अधिकतम् १० दिन २० इस्वाईर फिटमा प्रति दिन रु.५०। का दरले ।

घ) अन्यको हकमा प्रति बर्गफुट प्रति बर्ष रु. ३०।–

अनुसूची-६

मनोरञ्जन करका दरहरु

१. एक महिना सम्म जादु सर्कस मेला संचालन गराए वापत दैनिक रु. ५००।– का दरले मासिक कर लगाइने छ ।

२. सिनेमा हल बार्षिक रु. ५०००।-

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसूची-७

## पार्किङ शुल्क दररेट

महाकाली नगरपालिका भित्र यातायातका साधन प्रवेश तथा पार्किङ गरेवापत दैनिक निम्न वमोजिम शुल्क संकलन गर्ने।

<u>क) पार्किङ शुल्क</u>

१) दुई पांग्रेका लागि दैनिक रु.५।–

२) चार पाँग्रे सानो सवारीका लागि दैनिक रु. ३०।–

३) चार पांग्रे ठुलो सवारी साधनको लागि दैनिक रु.७०।–

<u>ख) सवारी साधन प्रवेश शुल्क</u>

४) कार जीप भ्यान प्रति पटक रु ५०

५) बस ट्रक टयाक्टर प्रति पटक रु ५००

६) हेभी गाडी डोजर स्काईभेटर प्रति पटक रु ५००

७) सरकारी संस्थान कुटनीतिक नियोग एम्बुलेन्स विद्यालय बस लगायत अतिआवश्यकीय साधन निशुल्क

८) कृषि तरकारी तथा पशु जन्य उत्पादन ढुवानी साधन माथि उल्लेखित शुल्कमा ५० प्रतिशत छुट

## अनुसूची-८

## बहाल बिटौरी शुल्क

नगरपालिकाले तोकेको क्षेत्र भित्र सरकारी, सार्वजनिक जग्गामा व्यापारिक, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि निर्माण गरिएका पक्की वा कच्ची संरचनामा तपसिल बमोजिम बहाल बिटौरी  शुल्क लगाईने छ।

१) महाकाली नगरपालिकाको वडा नं. ४ र ५ को बजार क्षेत्रको मूख्य सडकमा प्रति सटर मासिक रु. ५००।–

२) महाकाली नगरपालिकाको वडा नं. ४ र ५ को बजार क्षेत्रको घरहरुको प्रति कोठा मासिक रु. १००।–

३) महाकाली नगरपालिकाको वडा नं. ४ र ५ बजार क्षेत्र बाहेक मुल सडकमा बनेका व्यवसायिक, व्यापारिक घर संरचनाहरुको प्रति कोठा मासिक रु. ५०।-

४) अन्य क्षेत्रमा कच्ची वा पक्की घर संरचनाहरुको प्रति कोठा मासिक रु. २०।-

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूची-९

सेवा शुल्क दस्तुरको दर

१. वडा समितिबाट सम्पादन हुने कार्यमा

| सि.नं. | विवरण | रकम रु. | | कैफियत |
|---|---|---|---|---|
| | | नेपाली | अंग्रेजी | |
| १ | निवेदन दस्तुर टिकट वापत | १० | | |
| २ | नाता प्रमाणित | १०० | ५०० | |
| ३ | जन्म मिति प्रमाणित | १०० | २०० | |
| ४ | विवाह प्रमाणित अविवाहित प्रमाणित | १०० | | |
| ५ | अंग्रेजी माध्यममा सिफारिस तथा प्रमाणित | | ५०० | |
| ६ | घर पताल प्रमाणित | १०० | | |
| ७ | व्यक्तिगत प्रमाणित | १०० | | |
| ८ | जिवित संग नाता प्रमाणित गर्ने | १०० | | |
| ९ | हकवाला हकदार प्रमाणित गर्ने | १०० | | |
| १० | संरक्षक प्रमाणित गर्ने (व्यक्तिगत) | १०० | | |
| ११ | संरक्षक प्रमाणित गर्ने (संस्थागत) | १०० | | |
| १२ | कागजी मञ्जुरी नामा प्रमाणित गर्ने | १०० | | |
| १३ | जग्गा मूल्याँकन सिफारिस प्रमाणित गर्ने | १०० | | |
| १४ | आर्थिक अवस्था कमजोर विपन्नता प्रमाणित गर्ने | निशुल्क | | |
| १५ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित गर्ने | १००० | | |
| १६ | नागरिकता प्रतिलिपि सिफारिस | १०० | | |
| १७ | नागरिकता सिफारिस बंशज | १०० | | |
| १८ | नागरिकता सिफारिस अंगिकृत | १०० | | |
| १९ | बहाल करको लेखा जोखा सिफारिस | १०० | | |
| २० | मोही लगत कट्टाको सिफारिस | १०० | | |
| २१ | घर जग्गा करको लेखा जोखा सिफारिस | १०० | | |
| २२ | मिलापत्र कागज गराउने निवेदन दर्ता सिफारिस | १०० | | |
| २३ | निशुल्क तथा सशुल्क स्वास्थ्य उपचार सिफारिस | निशुल्क | | |
| २४ | जग्गाधनी प्रमाण पुर्जामा घर कायम गर्ने सिफारिस | १०० | | |
| २५ | फरक फरक नाम थर जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | १०० | | |
| २६ | नाम थर जन्म मिति संशोधन सिफारिस | १०० | | |
| २७ | जग्गाधनी प्रमाण पुर्जा हराएको सिफारिस | १०० | | |
| २८ | कित्ता काट गर्न सिफारिस गर्ने प्रतिकित्ता | १०० | | |

| सि.नं. | विवरण | रकम रु. | | कैफियत |
|---|---|---|---|---|
| | | नेपाली | अंग्रेजी | |
| २९ | नामसारी गर्न सिफारिस | १०० | | |
| ३० | जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने | १०० | | |
| ३१ | मृतक संगको नाताप्रमाणित तथा सर्जिमिन सिफारिस गर्ने | १०० | | |
| ३२ | उद्योग ठाउँ सारी गर्ने सिफारिस | १०० | | |
| ३३ | जिवित रहेको सिफारिस गर्ने | १०० | | |
| ३४ | विद्यालय खोल्न सिफारिस गर्ने निजी | २००० | | |
| ३५ | विद्यालय खोल्न सिफारिस गर्ने सरकारी | १००० | | |
| ३६ | निजी विद्यालय कक्षा थप गर्न सिफारिस | २००० | | |
| ३७ | सरकारी विद्यालय कक्षा थप गर्न सिफारिस | १००० | | |
| ३८ | विद्यालय ठाँउ सारी सिफारिस निजी | ३००० | | |
| ३९ | पालन पोषणका लागि सिफारिस गर्ने | १०० | | |
| ४० | धारा तथा विद्युत जडानका लागि सिफारिस (व्यक्तिगत) | १०० | | |
| ४१ | धारा तथा विद्युत जडानका लागि सिफारिस (संस्थागत) | १०० | | |
| ४२ | धारा तथा विद्युत जडानका लागि सिफारिस (औद्यौगिक) | १००० | | |
| ४३ | चारकिल्ला प्रमाणित | १०० | थप प्रतिकित्ता ५० | |
| ४४ | घर निर्माण सम्पन्न सिफारिस | १०० | | |
| ४५ | घरबाटो प्रमाणित सिफारिस | १०० | | |
| ४६ | छुट जग्गा दर्ता सिफारिस | १०० | | |
| ४७ | छात्रबृति सिफारिस | १०० | | |
| ४८ | विपन्न विद्यार्थी छात्रवृती सिफारिस | निशुल्क | | |
| ४९ | अपाङ्ग विद्यार्थी छात्रवृती सिफारिस | निशुल्क | | |
| ५० | स्थायी बसोवास सिफारिस | १०० | | |
| ५१ | अस्थायी बसोबास सिफारिस स्वदेशको हकमा | १०० | | |
| ५२ | अस्थायी बसोबास सिफारिस बिदेशीको हकमा | १००० | | |
| ५३ | जग्गा मूल्याङ्कन सिफारिस दस्तुर | | | |
| | जग्गा मूल्य २५ लाख सम्म रु | ६०० | | |
| | जग्गा मूल्य २५ देखी ५० लाख सम्म रु | १००० | | |
| | जग्गा मूल्य ५० देखी १ करोड सम्म रु | १५०० | | |
| | जग्गा मूल्य १ करोड भन्दा माथी रु | २००० | | |

| सि.नं. | विवरण | रकम रु. | | कैफियत |
|---|---|---|---|---|
| | | नेपाली | अंग्रेजी | |
| ५४ | अदालत शुल्क मिनाह सम्बन्धि सिफारिस | २५ | | |
| ५५ | चौपाया ओसार पोसार सम्बन्धी सिफारिस | ६०० | | |
| ५६ | व्यवसाय दर्ता सर्जिमिन सिफारिस | १००० | | |
| ५७ | आन्तरिक बसाई सराई सिफारिस | २०० | | |
| ५८ | व्यक्तिगत विवरण चाल चलन सम्बन्धी सिफारिस | ३०० | | |
| ५९ | स्वास्थ्य सुधार सिफारिस | २५ | | |
| ६० | सरकारको नाममा बाटो कायम सिफारिस | १०० | | |
| ६१ | अन्य कार्यालयको विवरण खुलाई पठाउनु पर्नेमा | १०० | | |
| ६२ | व्यवसाय नामसारी दस्तुर सिफारिस | १००० | | |
| ६३ | कृषि समुह/आमा समुह तथा अन्य समुह दर्ता | १०० | | |
| ६४ | संघ संस्था दर्ता सिफारिस | २००० | | |
| ६५ | बार्षिक रु. ५० लाख भन्दा बढी कारोबार भएका गैह्र सरकारी सस्थाहरुको नवीकरण सिफारिस दस्तुर | १०००० | | |
| | बार्षिक रु. २५ लाख देखि ५० लाख सम्म कारोबार भएका गैह्र सरकारी सस्थाहरुको नवीकरण सिफारिस दस्तुर | ३००० | | |
| | बार्षिक रु. २५ लाख भन्दा कम कारोबार भएका गैह्र सरकारी सस्थाहरुको नवीकरण सिफारिस दस्तुर | १५०० | | |
| ६६ | जग्गा रेखाङ्कन सम्बन्धी रहोबरमा बस्ने | १००० | | |
| ६७ | मिलापत्र कागज गराउने दुवै पक्षबाट (पक्ष/विपक्ष) ५००,५०० दरले | १००० | | |
| ६८ | प्रमाणिकरण भेरिफिकेशनको | १०० | | |
| ६९ | व्यक्तिगत घटना दर्ता (३५ दिन भित्र) | निशुल्क | | |
| ७० | व्यक्तिगत घटना दस्तुर ३५ दिन भन्दा माथि | २०० | | |
| ७१ | सडक क्षेत्रको दायाँ/बाँयाका मदिरा पसलहरुबाट मासिक सरसफाई वापत | १०० | | |
| ७२ | सडक क्षेत्रको दायाँ/बायाँ पसलहरुबाट मासिक सरसफाइ शुल्क | ७० | | |
| ७३ | सडक भित्रका मदिरा पसलबाट मासिक सरसफाई शुल्क | १०० | | |
| ७४ | सडक क्षेत्र भित्रका पसलहरुबाट मासिक सरसफाई शुल्क | ६० | | |
| ७५ | अन्य घरहरुबाट मासिक सरसफाई शुल्क | ५० | | |
| ७६ | सामान्य सिफारिस(नगरपालिका तथा वडा) | १०० | २०० | |
| ७७ | व्यापारिक/व्यवसायिक सिफारिस | १०० | | |
| ७८ | व्यक्तिगत घटना दर्ताको प्रतिलिपी | ५०० | | |

| सि.नं. | विवरण | रकम रु. | | कैफियत |
|---|---|---|---|---|
| | | नेपाली | अंग्रेजी | |
| ७९ | उजुरी दर्ता दस्तुर | १०० | | |
| ८० | प्रतिवाद दर्ता दस्तुर | १०० | | |
| ८१ | व्यक्तिगत घटना दर्ता किताव हेरेको दस्तुर | १०० | | |
| ८२ | शैक्षिक योग्यता ग्रेट सिटको प्रतिलिपी दस्तुर | १०० | | |
| ८३ | करार/अस्थायी शिक्षक भ्याद थप अभिलेखिकरण दस्तुर आ.वि.१-५ | १०० | | |
| ८४ | करार/अस्थायी शिक्षक भ्याद थप अभिलेखिकरण दस्तुर आ.वि.६-८ | १०० | | |
| ८५ | करार/अस्थायी शिक्षक भ्याद थप अभिलेखिकरण दस्तुर मा.वि. ९-१२ | १०० | | |

२. माथि उल्लेखित सिफारिस वा प्रमाणित गर्दा सर्जिमिन आवश्यक देखिएमा वा पर्नेमा सामान्य प्रति सर्जिमिन रु. ३००।– का दरले थप शुल्क लाग्ने छ ।

३. माथि उल्लेखित सम्पादन हुने कार्यको हकमा सोही बमोजिम र अन्य प्रचलित कानून बमोजिम सम्पादन हुने कार्यमा सोही कानून बमोजिम तोकिएको दरमा शुल्क र दस्तुर लाग्ने छ ।

## अनुसूची-१०

## सम्पत्ति कर

| सिन | करको विवरण | दररेठ | कैफियत |
|---|---|---|---|
| १ | रु १५ लाख सम्म | १५०। | |
| २ | रु ५० लाख सम्म | ५००। | |
| ३ | रु ५० लाख भन्दा माथि १ करोड भन्दा तल | प्रतिलाख रु १० का दरले थप । | |
| ४ | रु १ करोड देखि ५ करोड सम्म | प्रतिलाख रु १५ का दरले थप | |
| ५ | रु ५ करोड भन्दा माथि | प्रतिलाख रु २० का दरले थप | |

## अनुसूची-११

## घर नक्सा पास दस्तुर

| सि.नं. | विवरण | दररेट रु. | कैफियत |
|---|---|---|---|
| १ | शहरी क्षेत्र क वर्ग | | |
| क | पक्की घर (प्रति वर्ग फिट) | ३ | |
| ख | कच्ची घर (प्रति वर्ग फिट) | २ | |
| ग | अन्य घर (प्रति वर्ग फिट) | १ | |
| २ | शहर उन्मुख मैदानी क्षेत्र ख वर्ग | | |
| क | पक्की घर (प्रति वर्ग फिट) | २ | |

| सि.नं. | विवरण | दररेट रु. | कैफियत |
|---|---|---|---|
| ख | कच्ची घर (प्रति वर्ग फिट) | १ | |
| ग | अन्य घर (प्रति वर्ग फिट) | १ | |
| ३ | लेकाली क्षेत्र ग वर्ग | | |
| क | पक्की घर ( प्रति घर) | ५०० | |
| ख | कच्ची घर ( प्रति घर) | ३५० | |
| ग | अन्य घर ( प्रति घर) | १०० | |
| घ | घर नक्सा नामसारी दस्तुर | ५०० | |

## अनुसूची-१२

### अन्य शुल्कका दररेटहरु

१. नेपाल टेलिकम र विद्युतबाट गाडिएका पोलहरुको प्रति खम्वा रु. ५०।– र तार प्रति मिटर रु. ०.१० पैसा भाडा लिने ।

२. सटररिङ्गका सामानहरु भाडामा दिई कारोबार गर्ने बार्षिक रु. १०००।–

३. माछा मार्ने अनुमति वापत प्रति खोला बार्षिक रु. ५०००।–

४. ढुङ्गा सिलेट खानी प्रति सिलेट रु. १०।–

५. ढुङ्गा, गिटी र वालुवा प्रति घनफिट रु. २।–

६. ढुङ्गा, गिट्टी र वालुवा प्रति कट्टा रु. ३।–

७. पानी घट्ट बार्षिक रु. २००।–

८. तरकारी तथा फलफुल पसल बार्षिक रु. १०००।–

९. घर कायम पक्की रु. १०००।– र कच्ची रु. ५००।–

१०. सामुदायिक वन दर्ता शुल्क रु.२०००।–

११. सामुदायिक वन नविकरण शुल्क रु. १०००।–

१२. नगरपालीकाबाट जडान सडक सौर्य बत्तीका पोलहरुमा तार तानीए वाफत प्रति पोल बार्षिक रु. ५०० शुल्क लिइने छ ।

१३. नगर क्षेत्रभित्र विभिन्न पेशा गर्ने गैरनेपाली नागरिकलाई कार्यविधि बनाई सूचिकृत गर्ने र सोका आधारमा मासिक ५०० का दरले पारिश्रमिक कर लगाई असुल उपर गरिनेछ ।

महाकाली नगरपालिकाको निर्णय वा
आदेश र अधिकारपत्रको प्रमाणीकरण
(कार्यविधि) नियमावली २०६८ पहिलो
संशोधन २०६९ को दफा (३) बमोजिम
प्रमाणीकरण गरिन्छ